चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बर: ३९-२०७९/०८०

## गाउँपालिका भित्रका सम्पूर्ण उपभोक्ताहरुमा अनुरोध।।

**(प्रकाशित मितिः २०७९/०६/१३ गते)**

प्रस्तुत बिषयमा यस चन्द्रकोट गाउँपालिका गुल्मीमा व्यापार व्यावसाय गर्नका लागि पालिका बाहिरबाट घुम्ती तथा खुद्रा व्यापारीहरु आउने, दर्ता नगरी व्यवसाय संचालन गर्ने तथा उनीहरु मध्ये कतिपयले ल्याउने सामाग्रीहरुको उत्पादन स्थान, दर्ताको अवस्था तथा वस्तुको गुणस्तर समेत नखुलाई विभिन्न स्थानमा विक्रि वितरण गर्ने गरेको पाईएको र यसो गर्दा उपभोक्ताहरु ठगिने तथा उनीहरुको स्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने हुँदा आगामी दिनमा यस्ता वस्तु तथा सामाग्रीहरु विक्रि वितरण गर्न ल्याउँदा सम्बन्धित व्यापारी वा समुहले अनिवार्य रुपमा फर्म दर्ताको कागजात, उत्पादन स्थल तथा गुणस्तर खुल्ने कागजातहरु ल्याई गाउँपालिकामा तोकिएको राजश्व बुझाएर मात्र आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध छ। यदि यस्तो नभएको पाईएमा कानुन बमोजिम सामाग्रीहरु जफत गरी आवश्यक कानुनी प्रकृया समेत अपनाईने हुँदा यस किसिमका व्यापार गर्नु पूर्व पालिकाको अनिवार्य पूर्व स्वीकृति लिनुहुन सूचित गरिन्छ। साथै आफ्नो स्थान वरपर व्यापार गर्न आउने यस प्रकारका व्यापारीहरुलाई गाउँपालिकाको पूर्व स्वीकृति पत्र तथा राजश्व रकम बुझाएको प्रमाण पेश गरेपश्चात् मात्र गोदाम स्टोर राख्ने गरी आफ्नो घर क्षेत्रमा अनुमति दिनुहुन समेत सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं।

..............................

(विष्णु प्रसाद भुसाल)

प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**